National News

ALL INDIA RADIO GANGTOK

19:25 hrs 27.05.2025

---

प्रमुख समाचार :-

- प्रधानमनत्री नरेन्द्र मोदीको एक सय चालिस करोड़ देशवासीहरूसित विदेशी वस्तुहरूमाथि निर्भरता छोड़ेर 2047 साल सम्मा विकसित भारत आग्रह ।
- भारतको तर्फबाट आतंकवादलाई पाकिस्तानद्वारा समर्थन दिइए कुरोबारे वैश्विकस्तरमा पुऱ्याउने कार्य जारी
- राष्ट्रपति द्रौपदी मुर्मुद्वारा राष्ट्रपति भवनमा दोस्रो अलंकरण समारोहमा पद्म पुरस्कार हस्तान्तरण
- मौसम विभागको केराला कर्नाटर र महाराष्ट्र ततीथ क्षेत्रहरूसँगै पश्चिमी तटमा मुसलधारे पानी पर्ने अनुभव अनि
- दक्षिण कोरियाको गुमीमा आयोजित एशियाई एथलेटिक्स च्याम्पियनशीपमा गुलबीर सिंहले दौड़मा स्वर्ण र सर्विन सबै स्टियनलाईरेस तकमा ।

---

PM

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ- हालैका घटनाक्रमहरूले पाकिस्तानको भारतविरूध्द तथाकथित छद्मयुध्द वास्वमा एउटा सुनियाजित युध्द रणनीति हो । भन्ने सिध्द गरेको छ ।

गुजरातमा गान्धीनगरको महात्मा गान्धी मन्दिरमा आज एउटा जनसभालाई सम्बोधन गर्दै उहाँले भन्नुभयो छ मईको घटनाहरूपछि भारतले आतंकी गतिविधिहरूको प्रमाण दिने अब आवश्यकता छैन ।

श्री मोदीले भन्नुभयो भारत कसैसँग शुत्रता चाँहदैन । भारत शान्तिसित बस्न चाहन्छ । उहाँले भन्नुभयो देशले विश्वको कल्याणमा योगदान दिन सकियोस भन्ने आकांक्षा राखेर प्रगति गर्न चाहन्छ ।

प्रधानमन्त्रीले भन्नुभयो सरकारले करोड़ौ भारतीयहरूको उत्थानका लादि समर्पित भावले काम गरिरहेछ ।

पछिल्ला गलत नीतिहरूको उल्लेख गर्दै श्री मोदीले युवा पीढीलाई राष्ट्रिय हितलाई क्षति पुऱ्याउने ऐतिहासिक निर्णयहरूको अध्ययन गर्ने आग्रह गर्नुभयो ।

उहाँले भन्नुभयो- स्वाधीनताको सय वर्ष पूरा भएकोमा विकसित भारतको दृष्टिकोणलाई प्राप्त गर्नमा कुनै सम्झौता गरिनेछैन ष

यो सपनालाई साकार बनाउनमा प्रत्येक नागरिकले आफ्नो भूमिका निर्वहण गर्नुपर्ने कुरो बताउँदै प्रधानमन्त्रीले भन्नुभयो विश्वका तीन वृहत अर्थव्यवस्थामा भारतलाई सामेल गर्नका लागि टियर टू र टियर श्री शहत्हरूको आर्थिक विकास अत्यन्त महत्वपूर्ण छ ।

यसअघि प्रधानमन्त्रीले गान्धीगरको महात्मा मन्दिरमा पाँच हजार पाँच सय छत्तीस करोड़ रूपियाँ लागतका विकास परियोजनाहरूको उद्घाटन गर्नुभयो र आधारशिला राख्नुभयो ।

---

## Bangladesh Supreme Court

बांगलादेशमा सुप्रीम कोर्टले जमात- ए- इस्लामी नेता एतीएम अजहरूल इस्लामलाई उन्नाइस सय एकात्तरको मुक्ति संग्रामका बेला मानवता विरूध्दका अपराधहरूको एउटा मामिलामा आज बरी गरेकोछ ।

मुख्य न्यायाधीश सैयद रेफाच अहमदको नेतृत्व रहेको सात सदस्यीय पीठले यस्तो आदेश दियो।

एटीएम अजहरूल विरूध्द नौ वटा आरोप लगाइएको थियो ।

अजहरूल विरूध्द दायर आरोपपत्रमा उसलाई मुक्ति संग्रामका बेला बांगलादेशको रंगपुर क्षेत्रमा एक हजार दुई सय छप्पन्न व्यक्तिहरूको हत्या सत्र अपहरण र तेह्रजना महिलाहरूसित बलात्कारको जिम्मेवार ठहराइएको थियो ।

---

## Defence Minister

रक्षा मन्त्री राजनाथ सिंहे उन्नत मध्यम लड़ाकू विमान एएमसीए कार्यक्रम निस्पादन मोडललाई मञजूरी दिएको छ । यस मोडलको उद्देश्य भारतको स्वदेशी रक्षा क्षमताहरूको प्रवर्ध्दन र एउटा सुदृढ घरेलू एयोरास्पेस पारिस्थितिकी तन्त्रलाई विकसित गर्नु हो ।

रक्षा मन्त्रालयले भनेको छ यो उन्न्त मध्यम लड़ाकू विमान प्रोटोटाइप विकसित गर्नका लागि स्वदेशी विशेषज्ञता, क्षमता र यसको उपयोग गर्नमा एउटा महत्वपूर्ण पाइला हो जो एयरोस्पेस क्षेत्रमा आत्मनिर्भरताको दिशामा माइलखुट्टी सिध्द हुनेछ ।

---

## SC Rahul Gandhi Savaska

सर्वोच्च न्यायालयले वीर सावरकरको नाम प्रतीक र नाम अनुचित प्रयोग निवारण अधिनियम उन्नाइस सय छप्पन्नको अनुसूचीमा सामेल गर्ने मांग सामेल गर्ने मांग सम्वन्धी चाचिकालाई आज खरिज गरेको छ।

याचिकाकर्ताले, विपक्षका नेता राहुल गान्धीको टिप्पणीले सावरकरको अपमान भएको र स्वतन्त्रता सेनानीहरूको सम्मान ठेस पुगेको तर्क दिए।

याचिकाकर्ताले दावी गरे अनुसार राहुल गान्धीको टिप्पणीले मौलिक कर्तव्यहरूको उल्लंघन गर्छ र देशको सांस्कृतिक र ऐतिहासिक विरासतलाई कमजोर बनाउँछ।

मुख्य न्यायाधीश न्यायमूर्ति बी आर गवर्ड र न्यायमूर्ति ए जी मसीको पीठले यस याचिकालाई खारिज गर्दै भनेको छ यसमा याचिकाकर्ताको मौलिक अधिकारहरूको उल्लंघन गरिएको छैन।

---

## Asian Athletics Championship

भारतका गुलवीर सिंहले दक्षिण कोरियाको गुमीमा एशियाई एथलेटिक्स च्याम्पियनशीपमा पुरूषहरूको दस हजार मीटर दौड़मा स्वर्ण पदक जितेका छन्।

गुलवीरले अठाइस मिनट अड़तीस दशमलव छ तीन स्वेकेण्जको समय लिएर शीर्ष स्थान प्राप्त गरे।

यसअघि सर्विन सेबेस्तियले च्याम्पियनशीपमा कास्यपदक जितेर पदक तालिकामा भारतको खाता खोलेका थिए।

---

## All Party Delegation

भारतले आतंकवादलाई पाकिस्तानद्वारा समर्थन दिइएको कुरोबारे वैश्विक स्तरमा पुऱ्याउने कार्य जारी राखेको छ।

यसका लागि विभिन्न देशहरूको भ्रमण गरेर भारतले आतंकवादलाई कुनै पनि स्थितिमा सहन नगर्ने आफ्नो नीतिवारे सबैलाई अवगत गराएको छ।

भारतीय जनता पार्टीका सांसद रविशंकर प्रसादको नेतृत्वमा सर्वदलीय प्रतिनिधिमण्डलले आज फ्रान्सको राष्ट्रिय राजधानीमा पत्रकारहरूसित भेट गर्नुभयो ।

श्री प्रसादले भन्नुभयो आतंकवादको मुद्दावारे भारतको दृष्टिकोण स्वस्ट छ र समग्र विश्वले एक स्वरमा बोल्न आवश्यक छ ।

डीएमके सांसद किन मोर्ड करूणानिधिको नेतृत्वमा एउटा अन्य प्रतिनिधिमण्डले नेशनल एसेम्वलीमा स्लोभेनियाई राष्ट्रिय परिषदका अध्यक्ष मार्क लोट्रिकसित भेटघाट गरयो ।

प्रतिनिधिमण्डलले अपरेशन सिन्दूरपछिको सामान्य स्थितिबारे अवगत गरायो ।

काँग्रेस सांसद शशि थरूरको नेतृत्वमा सर्वदलीय शिष्टमण्डलले गुयानाको भ्रमण गरी राष्ट्रपति मोहम्मद इरफान अलीसित भेट गरयो ।

---

## Badminton

सिंगापुर ओपन ब्याडमिण्टन टुर्नामेण्टमा भारतीय शीर्ष खेलाड़ी पी भी सिन्धु महिला सिंगल्सको दोस्रो चरणमा पुगेकी छन् ।

सिन्धुले कनाडाकी वेन यू झांगलाई एक्काइस चौध एक्काइस नौ ले हराइन ।

---

## Sikkim CM

अरूणा चल प्रदेशको राष्ट्रिय पर्वतारोहण तथा साहसित खेल संस्थान निर्मासिले हालै कञ्चनजंघा हिमशिखर आरोहण गरेको विषयलाई लिएर सिक्किमका मुख्यमन्त्री प्रेमसिंह तामाङले गृहमन्त्री अमित शाहलाई पत्रचार गर्नुभएरो छ । भन्नुभएकोछ यसद्वारा सिक्किमको धार्मिक, सांस्कृतिक मूल्यमान्यता र आस्थामा गहिरो आघात पुगेको छ ।

निमासको टोलीले नेपालको मार्ग भएर पवित्र कञ्चनजंघा पर्वत कञ्चजंघा पर्वत आरोहम गरेको हुँदा यस विषयलाई गम्भीर रूपमा लिने आग्रह गर्दै श्री तामाङले भन्नुभएको छ कञ्चनजंघालाई सिक्किमको रक्षक देख मानिन्थ यसप्रकारको कार्यले सिक्किमवासीको आस्थामा चोट लागेको छ ।

सिक्किम सरकारले कञ्चनजंघा पर्वत आरोहणमाथि पूर्ण प्रतिबध्द लगाएको उल्लेख गर्दै मुख्यमन्त्रीले श्री शाहलाई नेपाल सरकारसित सम्पर्क गरेर भविस्यमा यस प्रकारको आरोहण हुन नदिने सुनिश्चित गर्न आग्रह गर्नुभएको छ ।

---

## President Padma Award

राष्ट्रपति द्रौपदी मुर्मुले आज राष्ट्रपति भवनमा दोस्रो अलंकरण समारोहमा पद्म पुरस्कार प्रदान गर्नुभयो ।

देशको सर्वोच्च नागरिक पुरस्कारहरूमध्ये एउटा पद्म पुरस्कार, तीन श्रेणीमा प्रदान गरिन्छ । पद्म विभूषण, पद्म भूषण र पद्मश्री ।

यो पुरस्कार कला, सामाजिक कार्य, सार्वजनिक मामिला, विज्ञान  तथा इञ्जीनियरिंग, व्यापार तथा उद्योग, चिकित्सा, साहित्य एवम शिक्षा, खेल तथा प्रशासनिक क्षेत्र लगायत विभिन्न विषय र क्षेत्रहरूमा दिइन्छ ।

यो वर्ष सरकारले एक सय उन्चालिस पद्म पुरस्कारहरूको घोषणा गरेको थियो जसमा सात पद्म विभूषण उन्नाइस पद्मभूषण र एक सय तेह्र पद्म पुरस्कार सामेल थिए ।

पहिलो अलंकरण समारोहमा राष्ट्रपतिले 2025 सालका लागि एकात्तरजना प्रतिष्ठित हस्थीहरूलाई पद्म पुरस्कार प्रदान गरियो ।

दोस्रो अलंकरण समारोहमा कुल अडसठीजना हस्तीहरूलाई पुरस्कारले सम्मानित गरिने कार्यक्रम छ ।

---

## Australia Dust Storm

अस्ट्रेलियामा भीषण धूलोयुक्त आँधीले समग्र सिडनी प्रभावित भएकोछ । न्यू साउथ वेल्सको स्वास्थ्य विभागले आज केही क्षेत्रहरूमा वायु गुणवत्ता खराब हुने चेताउनी जारी गरेको छ ।

अर्कातिर देशका पूर्वी तटवर्ती शहर बाढीको विधीषिकाद्वारा जुझि रहेछ ।

प्रधानमन्त्री एन्थनी अल्वनीजले बाढी प्रभावित क्षेत्रहरूका लागि आर्थिक सगयोगको घोषणा गर्नुभएको छ ।

---

## Weather

भारतीय मौसम विभागले केराला, कर्नाटक र महाराष्ट्रका ततीय क्षेत्रहरूसितै भारतको पश्चिमी तटमा मुसलधारे पानी पर्ने अनुमान गरेको छ ।

आकाशवाणी समाचारसितको विशेष बातचीतका मौसम विभागका वरिष्ठ वैज्ञानिक डा. आर के जेनामिणले भन्नुभएको छ ।

मुम्बईमा अहिले वर्षामा कमी आएको छ ।

उहाँले भन्नुभएकोछ केराला र कर्नाटकका लागि रेड अलर्ट र पूर्वोत्तर भारतका लागि मुसलधारे पानी पर्ने चेताउनी दिइएकोछ ।

---

## Pad AZ

इलेक्ट्रोनिक्स तथा सूचना प्रौद्योगिकी राज्य मन्त्री जिमिन प्रसादले देशका युवाहरूका लागि आर्टिफिसियल इन्टेलिजेन्स ए आई को महत्व माथि जोड़ दिनुभएको छ र भन्नुभएको छ प्रौद्योगिकीले भविस्यमा शिक्षा तथा कौशल विकासमा सहयोग गर्नेछ ।

उहाँले आज नयाँ दिल्लीमा शिक्षामा आईको महत्वबारे पढ़ ए आई सम्मेलनलाई सम्बोधन गर्दैहुनुहुन्थ्यो ।

---